# रुरुक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल ।
☎ ०७९-४१०१०४

च.नं. : ९६६१
प.सं. :०७७/०७८

रुरुक्षेत्र गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेटक्सार, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

मिति: २०७८/०३/२८

विषय: सूचना ।

श्री रुरुक्षेत्र गाउँपालिकाबासी दाजुभाई, दिदीबहिनीहरु ।

विश्वव्यापीरुपमा फैलिएको नोबेल कोरोना भाईरस (कोभिड-१९) को दोस्रो लहरको प्रभाव यस गाउँपालिकामा समेत देखिएको छ । पछिल्लो समय यस गाउँपालिकाको वडा नं. २, ग्वादीमा २५ जनाको Antigen Test गर्दा १० जनाको Antigen Report Positive देखिएको छ । संक्रमित व्यक्तिहरु स्वास्थ्यकर्मीहरुको निगरानीमा हुनुहुन्छ साथै उहाँहरुको स्वास्थ्य अवस्था सामान्य रहेको छ । निजको सम्पर्कमा आएका व्यक्तिहरुको Contact Tracing गर्ने कार्य शुरु भैसकेकोले मिति २०७८/०३/२८ गते देखी मिति २०७८/०४/०३ गते सम्म साविक ग्वादी गा.वि.स. वडा नं. ४ को पूर्व ढापखोला, पश्चिम तालखोला, उत्तर सिखे स्वामीका रुख र दक्षिण बोहाफाँट चौकिल्ला भित्रको बेंसीका चौर क्षेत्र पूर्ण रुपमा शिल गरिएको व्यहोरा यस कार्यालयको मिति २०७८/०३/२८ को निर्णय अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो समयमा अत्याबश्यक काममा बाहेक हिडडुल नगरी उच्च मनोबलका साथ यस विषम परिस्थितीसँग जुध्दै संक्रमण रोकथाम नियन्त्रणको लागि सहयोग गरिदिनुहुन गाउँपालिकाबासी दाजुभाई तथा दिदीबहिनीहरुलाई अनुरोध गर्दछौं । यस सूचनालाई अटेर गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारबाही गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै दिर्घ रोगी, सुत्केरी लगायत दैनिक औषधी सेवन गर्ने व्यक्तिहरुलाई समस्या भएमा गाउँपालिका र वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

छत्र बहादुर अधिकारी
नि. प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत